नेपाल सरकार
# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
स्थापित २०४७

पत्र संख्याः ०८०/८१
चलानी नं.: १२३०

मितिः-२०८०/१०/२६

माननिय मन्त्रीज्यू,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाण्डौं ।

विषयः- आभार प्रकट गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७६।१०।२७ गतेको निर्णयानुसार मलाई नेपाल स्वास्थय अनुसन्धान परिषद् ऐन, २०४७ बमोजिम ४(चार) बर्षे कार्यकालको लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सदस्य-सचिब पदमा नियुक्ति गरिएको र म सो पदमा बहाल रही कार्य पूर्ण कार्यकाल सम्म रही कार्य गरेको यहाँलाई अवगत नै छ। मेरो पदावधि मिति २०८०/१०/२७ गते देखि समाप्त हुन गईरहेको व्यहोरा यहाँलाई अवगतार्थ जानकारी गराउँदछु ।

मलाई मेरो यस चार वर्षे पूर्ण कार्यकालमा माननिय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यू, सचिवज्यू एवं मन्त्रालयका बरिष्ठ पदाधिकारीज्यूहरु, मन्त्रीज्यूको निजी सचिवालयका पदाधिकारीज्यूहरु, सम्पूर्ण सरोकारवाला मन्त्रालयका पदाधिकारीज्यूहरु, परिषद्का कार्यकारी समितिका पदाधिकारीज्यूहरु, परिषद्को कार्यकारी समितिका पूर्व पदाधिकारीज्यूहरु, परिषद् अन्तर्गत गठन भएका सम्पूर्ण उप-समितिका पदाधिकारीज्यूहरु, दातृ निकायका प्रतिनिधिज्यहरु, परिषद्का शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, सञ्चार जगतका विभिन्न मिडियाकर्मी मित्रहरु, मलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने महानुभावहरु सम्पूर्णले पुऱ्याउनुभएको अविस्मरणीय सहयोगप्रति आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु र आगामी दिनमा पनि यहाँहरुको सहयोग, सद्भाव निरन्तर रहने आशा एवं विश्वास गर्दछु ।

भवदीय,

डा. प्रदिप ज्ञवाली
सदस्य-सचिब

**वोधार्थः-**
श्रीमान् सचिवज्यू,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं ।
श्रीमान् अध्यक्षज्यू,
नेपाल स्वास्थ्य अनुसन्धान परिषद्
रामशाहपथ, काठमाण्डौं ।

फोन नं.: +९७७-१-४२५४२२०, ४२२७४६०, रामशाहपथ, पो.ब.नं.: ७६२६, काठमाडौं, नेपाल।
वेभसाईटः http://www.nhrc.gov.np, ईमेलः nhrc@nhrc.gov.np

Scanned with CamScanner